महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

टोखा नगरपालिका

काठमाडौं

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
टोखा नगरपालिका
काठमाडौं



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

टोखा नगरपालिका

काठमाडौं

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं.-७०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू ,
टोखा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाण्डौं ।

कैफियत सहितको राय

हामीले टोखा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ९ लाख ८४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.१ करोड ३७ लाख ३६ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५४ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ११ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.२० हजार र पेश्की रू.५ लाख ६० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१४ करोड ७२ लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ०४ लाख ६६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

टोखा नगरपालिका, काठमाण्डौं

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५८	४६	३०९८४	०	५	१३७३६	५८	४१	१७२४७	५४९०	२०	१११७७	०	०	१११९७	५६०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१.	१३	कानुनी सल्लाहकार	४५००००
२	३०	सोझै खरिद	८१५९४८६
३	३७	विद्यालय अनुदान	५००००००
४	३८	पाठ्यपुस्तक खरिद	१०८०८५
५	५२	पुर्व निर्धारित क्षतिपुर्ति	१८८५७
			१३७३६४२८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिका / जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
टोखा नगरपालिका काठमाण्डौं	१४७२६४	०	१४०६५	१३३१९९	०	१७२४७	१५०४६६

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : टोखा नगरपालिका, काठमाडौँ , आर्थिक बर्ष: २०७८/७९

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Prakash Acharya	२०७७-८-२७	२०७८-९-२५
कार्यालय प्रमुख	शंकर राज पाठक	२०७८-९-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	Gyan Bahadur Adhikari	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१७,२४७,५४७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७३,३३,६२,९६४.६१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५५,५८,०७,४३०.९९	**चालु खर्च**	४८,९०,२०,४११.०१
प्रदेश सरकारबाट अनुदान	५,०७,४७,७६८.०६	**पूँजीगत खर्च**	७२,१७,१६,०८८.१४
राजश्व बाँडफाँट	६५,८२,६२,२९९.०३	**वित्तीय/अन्य व्यवस्था**	१५,८८,५९,१५३.०८
आन्तरिक आय	२३,२३,५४,३७४.०८		
अन्य आय	६,४३,८८,७६३.९९		

कुल आय	१,५६,१५,६०,६३६.१५	**कुल खर्च**	१,३६,९५,९५,६५२.२३
बाँकी मौज्दात		९२,५३,२७,९४८.५	

क्रम	**भौचर नम्बर**	**भौचर मिति**	**बिषय**	**बेरुजु रकम**
१			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस टोखा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, १७.११ वर्ग किलोमिटर क्षेत्रफल तथा १,५४,१५८ जना जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा वापतको रकम रु.१०६६०/-, बैठक भत्ता वापतको रु.२६७७५/-, बढुवा हुनुपुर्वको सुविधा रु.१८७३५ु- गरी जम्मा रु.५६१७०/- असुली भई सम्बन्धित कोषमा दाखिला भएको छ।	
३			**बजेट पेश पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८/०३/१८ गते रु. १ अर्ब ८९ करोड ९४ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/०३/१८ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/०३/२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
४			**अबण्डा बजेटः** पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.२ करोड २७ लाख ७३ बजेट अबण्डा राखी उक्त रकम कार्यपालिकाको विभिन्न मितिको निर्णय तथा नगरप्रमुखको निर्णयबाट बिभिन्न टुक्रे आयोजना तथा कार्यक्रमका लागि खर्च गरेको छ । बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालि तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

चौमासिक पूँजीगत खर्चः पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>संघीय पूँजीगत</td><td>२९९९०</td><td>०</td><td>१२७</td><td>२९८६३</td><td>२९८६३</td></tr>
<tr><td>२</td><td>प्रदेश पूँजीगत</td><td>२४४८१</td><td>०</td><td>१०००</td><td>२३४८१</td><td>९६८९</td></tr>
<tr><td>३</td><td>नगरपालिका पूँजीगत</td><td>६६७२४३</td><td>८६१८४</td><td>२२५३२४</td><td>३५५७३४</td><td>१७५७६९</td></tr>
<tr><td></td><td>कूल खर्च</td><td>७२१७१६</td><td>८६१८४</td><td>२२६४५१</td><td>४०९०८०</td><td>२१५३२३</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>११.९४</td><td>३१.३७</td><td>५६.६८</td><td>२९.८</td></tr>
</table>

उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ५६.६८ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २९.८३% खर्च भएको देखिन्छ । त्यसैले तेस्रो चौमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

आम्दानी र खर्च विश्लेषणः यस वर्षको पालिकाको बजेट र चालु तथा पुँजिगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

<table>
<tr><th>विवरण</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>पालिका चालु</td><td>४३५४३२०९६</td><td>३२८५५५६४३</td><td>७५.४६</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पालिका पुँजिगत</td><td>१२४७४५२९०४</td><td>६६७२४३९६२</td><td>५३.४९</td></tr>
<tr><td>जम्मा</td><td>१६८२८८५०००</td><td>९९५७९९६०५</td><td>६४.४८</td></tr>
</table>
उपरोक्त बमोजिम पालिकाले चालु तर्फ बजेटको तुलनामा ७५.४६ प्रतिशत खर्च गरेको छ भने पुँजीगत तर्फ ५३.४९ प्रतिशत खर्च गरेको छ । पालिकाले खर्च गर्न नसकेको रकम रु.६८७०८५३९५ आगामि आ. व. को लागि मौज्दात सारेको छ । त्यसैले पालिकाको खर्च गर्ने क्षमतामा अभीवृद्धी गर्दै योजना कार्यन्वयन पक्षमा सुधार गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्छ्यौट कारवाही देहाय बमोजिम रहेकोछ ।
<table>
<tr><th>गत वर्षबाट सरेका विवाद</th><th>यस वर्ष दर्ता भएको</th><th>जम्मा</th><th>फर्छ्यौट कारवाही भएका विवाद</th><th>फर्छ्यौट/कारवाही हुन बाँकी विवाद</th></tr>
<tr><td>१२</td><td>३३</td><td>४५</td><td>३०</td><td>१५</td></tr>
</table>
त्यसैले न्याय सम्पादन प्रकृयालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको मयाद भित्र फर्छ्यौट वा कारबाही हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
कानुन निर्माण र कार्यन्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।
<table>
<tr><th>सि. नं.</th><th>कानुनको प्रकार</th><th>निर्माण भएको कानुनको संख्या</th></tr>
<tr><td>१</td><td>ऐन</td><td>१०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>नियमावली</td><td>६</td></tr><tr><td>३</td><td>कार्यविधि तथा निर्देशिका</td><td>३६</td></tr><tr><td>४</td><td>आचार संहिता</td><td>१</td></tr><tr><td></td><td>जम्मा</td><td>५३</td></tr></table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर टोखा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आर्थिक सहायताः पालिकाले यस वर्ष अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष रु.३९,०८,२१२.०० आर्थिक सहायता वितरण गरेको छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>जिन्सी व्यवस्थापनः लेखापरीक्षणका क्रममा जिन्सी व्यवस्थापनका विविध पक्षको स्थलगत परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :-

• पालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा तोकिए बमोजिम जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार गरेको छैन ।
• पालिकाले हाल सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) संचालनमा ल्याएकोमा सो पूर्व संचालन गरेको जिन्सी सफ्टवेरमा रहेका जिन्सी विवरण अद्यावधिक नगरेको।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• सहायक जिन्सी खाता अद्यावधिक र स्पष्ट नरहेको । तसर्थ जिन्सी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>नक्सा पास तथा निर्माण सम्पन्नः प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष स्वीकृत मापदण्ड अनुसार ९० सूचीकृत व्यक्ति/फर्मबाट तयार भएका ५२१ भवनको नक्सा पास गरी भवन निर्माण कार्यको अनुमति प्रदान गरेको छ भने निर्माण सम्पन्न भएका २७१ वटा भवनहरुको निर्माण सम्पन्न प्रतिवेदन जारी गरेको छ । पालिकाको कार्य क्षेत्र भित्र रही भवन नक्सा तयार गर्ने ९० वटा सूचीकृत व्यक्ति/फर्महरु मध्ये नक्सा पास र निर्माण सम्पन्नको स्थिति देहाय बमोजिम रहेको छ ।

<table>
<tr><th>क्र.सं.</th><th>सूचीकृत व्यक्ति</th><th>सम्बद्ध फर्मको नाम</th><th>स्वीकृत भएको नक्सा संख्या</th></tr>
<tr><td>१</td><td>राम प्रसाद शर्मा</td><td>गरिमा इन्जिनियिरङ्ग कन्सल्टेन्सी प्रा. लि.</td><td>१२८</td></tr>
<tr><td>२</td><td>सुदर्शन अधिकारी</td><td>आर्किटेक्ट डिजाईन ल्याब प्रा. लि.</td><td>६५</td></tr>
<tr><td>३</td><td>आशिक एण्ड सुरज श्रेष्ठ</td><td>ओम काजी कन्सल्टेन्सी</td><td>४८</td></tr>
<tr><td>४</td><td>अन्य ८७ वटा व्यक्ति/फर्म</td><td></td><td>२८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कानूनी सल्लाहकारः .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. ४५००००।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ताः २०६८ को जनगणना अनुसार १५४१५८ जनसंख्या रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा २८५७ जनालाई जम्मा रु.११,५५,८६,००८।- सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या कुल जनसंख्याको १.८५ प्रतिशत रहेको छ ।

<table>
<tr><th>२०६८ को जनगणना अनुसार पालिकाको जनसंख्या</th><th>लाभग्राहीको संख्या</th><th>कुल जनसख्याको आधारमा लाभग्राही प्रतिशत</th><th>सामाजिक सुरक्षा रकम रु.</th></tr>
<tr><td>१५४१५८</td><td>२८५७</td><td>१.८५</td><td>११,५५,८६,००८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>बैठक तथा अनुगमन भत्ताः पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक तथा अनुगमन भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् ।

• कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडी वा पछाडी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
•पालिकाको नियमित हाजिरी तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतिय हाजिरीका आधारमा भएता पनि बैठक बसेको दिन र समयको आधारमा परीक्षण गर्दा हाजिरीसँग तालमेल नमिलेको ।
• एकै बैठकमा सम्पादन गर्न सकिने कामलाई टुक्र्याएर आवश्यकता भन्दा बढी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
• तोकिए भन्दा बढी र कामको प्रकृत्ति अनुसार आवश्यक नभएका कर्मचारी समेत बैठकमा सहभागी गराई भत्ता भुक्तानी हुने गरेको।
• हरेक योजना तथा कार्यक्रमको आवश्यकता र औचित्य पुष्टि नहुने अनुगमन गरी सो वापत अनुगमन भत्ता भुक्तानी हुने गरेको । त्यसैले बैठकको आवश्यकता र औचित्य एकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानीको व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**आन्तरिक नियन्त्रण प्रणालीः** पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेक • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) बमोजिम ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको । • तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको । • पालिकाले २०७८/७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको । • राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको • तोकिए बमोजिम जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन पेश नगरेको । • सहायक जिन्सी खाता अद्यावधिक नरहेको तथा जिन्सी समानको विवरण र स्फेशिफिकेशन विना कर्मचारी/पदाधिकारीलाई जिन्सी सामान बुझाउने गरेको । • तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना नदिएको । • शहकारी, शिक्षा लगाएतका विषयगत क्षेत्रमा पालिकाको आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समिति/टोल विकास संस्थाको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता नदिएको । • पालिकाले नियमन, अनुगमन तथा व्यवस्थापकीय क्षमता थप सुदृढ गर्नुपर्ने देखिएको । • कार्यालयले पूँजीगत खर्चमा कन्टिन्जेन्सी कट्टी गर्ने गरेतापनि सोको छुट्टै खाता व्यवस्थित गरेको छैन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**जेष्ठ नागरिक सम्मानः** पालिकाले यस वर्ष जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत रु.४३,३९,६५१।०० खर्च गरेको छ । जस अन्तर्गत वडागत रुपमा ज्याकेट र फाईबरको सिरक सोझै खरिद गरी वितरण गर्ने गरेको देखिन्छ । त्यसैले वडागत रुपमा छुट्टा छुट्टै खरिद गरी वितरण गर्नु भन्दा पालिकाबाटै एकमुष्ठ नियमानुसार खरिद गरी वितरण गर्दा खरिद कारबाही थप मितव्ययी र प्रतिस्पर्धी हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८			**शेयर कारोबार तालिमः** पालिकाले वडा नम्बर ४ र ५ मा शेयर कारोबार गर्ने सम्बन्धी तालिम सञ्चालन गरी यस वर्ष रु.६,९६,१२५।०० खर्च गरेको छ । पालिका धितोपत्र सम्बन्धि तालिम कार्यक्रमको अवश्यकता र औचित्य समेतको विचार गरी कार्यक्रम संचालन गर्न ध्यान दिनुपर्दछ ।	
१९			**अध्ययन/अवलोकन भ्रमणः** पालिकाले यस वर्ष १८ टोलीले अध्ययन/अवलोकन भ्रमण वापत रु.४४,६०,६८८।०० खर्च गरेको छ । कतिपय अध्ययन/भ्रमणहरुको आवश्यकता र औचित्य पुष्टि गर्न समेत कठिनाई देखिएकाले यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
२०			**वृत्त चित्र निर्मणः** यस वर्ष पालिकाबाट २६ वटा वृत्त चित्र निर्मण गरी रु.३४,१९,८०८।०० भुक्तानी भएको छ । पालिका र वडागत रुपमा छुट्टा छुट्टै वृत्त चित्र निर्माण हुने तथा त्यसको आवश्कता र औचित्य पुष्टि गर्न समेत कठिनाई देखिएकाले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२१			**आन्तरिक आयतर्फ**	
२१.१			**स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सफ्टेक इन्फोसिस प्रा. लि. (३०१२१२५५७) को एकिकृत कर संकलन प्रणाली नामको सफ्टवेयर प्रयोग गरी यस वर्ष रु.२३१३०९९६२।७४ राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पतीकर</td><td>७३४०००००.</td><td>७५१२९४५५.०४</td><td>१०२.३६</td></tr>
<tr><td>भुमीतथा मालपोत कर</td><td>३८६५०००.</td><td>३५५३६०८.२</td><td>९१.९४</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१६७६५०००.</td><td>१५०५६०७५.</td><td>८९.८१</td></tr>
<tr><td>वाहाल विटौली कर</td><td>४०००००.</td><td>३८६४००.</td><td>९६.६</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>५६३३००००.</td><td>४४१४०५८१.८१</td><td>७८.३६</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>१९०९१०००</td><td>२३१७३०८८.३५</td><td>१२१.३८</td></tr>
<tr><td>बहाल कर</td><td>४४९२००००.</td><td>४८९३०००६.५८</td><td>१०८.९३</td></tr>
<tr><td>दण्ड जरीवाना</td><td>५०००००.</td><td>१४६७५३४.५</td><td>२९३.५१</td></tr>
<tr><td>परीक्षा शुल्क</td><td>१००००००</td><td>९३६५००</td><td>९३.६५</td></tr>
<tr><td>बेरुजु</td><td>२००००००</td><td>४७२४२७७.४६</td><td>२३६.२१</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अन्य शुल्क तथा दस्तुर | ५२३७००० | १६८१३०६ | ३२.१ जम्मा | २२३५०८००० | २३१३०९९६२.७४ | १०३.४९	
२१.३			**असुल गर्नुपर्ने सम्पत्ति कर-** पालिकाले विगत वर्ष देखि कर बुझाउन बाँकी रहेका करदाताहरुको अभिलेख र तिर्न बाँकी करको लगत राखेको पाईएन । विगत वर्षहरुका लेखापरीक्षण प्रतिवेदनमा यस्ता विषयमा पालिकाको ध्यानकर्षण गराउँदा समेत कर असूलीमा ठोस पहल तथा प्रयत्न भएको देखिएन । पालिकामा ठूलो कर तिर्नु पर्ने दायित्व भएका प्रमुख करदाताहरु ग्राण्डी ईन्टरनेशनल हस्पिटल, ग्रिनसिटी हस्पिटल, विनायक हस्पिटल प्रा. लि., त्रियोग स्कुल लगायतका करदाताले हालसम्म सम्पत्ति कर नतिरेको विवरण प्राप्त भएको छ । साथै प्राप्त विवरण अनुसार पालिका भित्र देहाय बमोजिम ७,६७६ करदाता सम्पति कर तिर्न बाँकी रहेको देखिएकोले प्रतिकरदाता औसत राजस्व रु.७८५४।६२ का आधारमा हुन आउने सम्पत्ति कर रु.६०२७६३५३।८८ असूल गर्न पालिकाले प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ । २०७८ को जनगणना अनुसार जम्मा घरधुरी संख्या | सम्पति कर तिर्ने करदाताको संख्या | संकलन भएको सम्पत्ति कर रु. | प्रति करदाता औसत कर रु. | सम्पत्ति करको दायरा भन्दा बाहिर रहेका करदाता संख्या | छुट हुन गएको सम्पत्ति कर रु. १७,२३९ | ९,५६५ | ७५१२९४५५।०४ | ७८५४.६२ | ७६७४ | ६०२७६३५३.८८ उल्लेखित बाहेक विगत बर्षहरुमा बाँकी रहेको सम्पत्ति र अन्य कर समेत एकिन गरी असुल गर्न ध्यान दिनुपर्दछ ।	
२२			**कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी - बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ९५ जना स्थायी कर्मचारीलाई रु.३,६३,८३,७५६।१७ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>दरबन्दी र पदपूर्ती -पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।
<table>
<tr><th>क्र.स.</th><th>स्वीकृत पद</th><th>सख्या</th><th>पदपूर्ती</th><th></th><th>पदपूर्ती बाँकी</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थायी</td><td>करार</td><td></td></tr>
<tr><td>१</td><td>प्र.प्र.अ. रा. प. द्धितिय</td><td>१</td><td>१</td><td>-</td><td>०</td></tr>
<tr><td>२</td><td>अधिकृत दशौ</td><td>१</td><td>१</td><td>-</td><td>०</td></tr>
<tr><td>३</td><td>अधिकृत सातौ/अठौ</td><td>११</td><td>११</td><td>-</td><td>०</td></tr>
<tr><td>४</td><td>अधिकृत छैठौ/सातौ</td><td>३५</td><td>३०</td><td>५</td><td>०</td></tr>
<tr><td>५</td><td>सहायक पाँचौ/क.अ./स.ई.</td><td>७९</td><td>३५</td><td>२६</td><td>१३</td></tr>
<tr><td>६</td><td>सहायक चौथो/स.क.अ./अ.स.ई.</td><td>५१</td><td>११</td><td>२४</td><td>०</td></tr>
<tr><td>७</td><td>नगर प्रहरी पाचौ/चौथो</td><td>१७</td><td>-</td><td>११</td><td>६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८</td><td>सवारी चालक</td><td>६</td><td>-</td><td>६</td><td>०</td></tr>
<tr><td>९</td><td>सहयोगी</td><td>३९</td><td>६</td><td>३३</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४०</td><td>९५</td><td>१०५</td><td>१९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>रिक्त पदको सूचना - बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी २४० जना रहेकोमा देहाय बमोजिम ९५ जना स्थायी, १०५ जना करारमा कार्यरत रही १९ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।</td><td></td></tr>
<tr><td>२३.४</td><td></td><td></td><td>स्वत: पद रिक्त -बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ। तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई १०५ जनालाई १ वर्ष अवधिका लागि करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कार्मचारी प्रोत्साहन भत्ताः बाग्मती प्रदेशको (स्थानीय सेवा गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ ।तर पालिकाले उक्त कानूनी व्यवस्था आउनु पूर्व नै प्रत्योजित अधिकार विना प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ कार्यपालिकाबाट स्वीकृत गरी सोका</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आधारमा पालिकामा कार्यरत स्थायी र करारका सबै कर्मचारीलाई कर बाहेक रु.१२,१०,७११।०० समेत श्रावण, भाद्र, आश्विन र कार्तिक गरी ४ महिनाको प्रोत्साहन भत्ता वापत रु ३३७०८७४।- भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>करार सेवाका कर्मचारीलाई महंगी भत्ताः संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत ९० कर्मचारी (आन्तरिक तर्फबाट ८८ र सशर्त तर्फबाट २) लाई नगर सभाको निर्णय बमोजिम स्थायी कर्मचारी सरह मासिक रु.२,०००।०० का दरले यस वर्ष रु.२१,५२,०००।०० भुक्तानी गरेको रकम उल्लेखित परिपत्र विपरित देखिएकाले सो रकम असूल गरी राजस्व दाखिला हुनुपर्ने रु.</td><td>२,१५२,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>प्रशिक्षक भत्ताः अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक सरकारका तह अनुसार छुट्टा छुट्टै निर्धारण गरेको छ । नगरपालिका स्तरमा अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ ले निर्धारण गरेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता भुक्तानी गरेको छ। यस्तो भत्ता पालिकाको आन्तरिक स्रोतबाट भुक्तानी भएको कार्यालयको भनाई छ । तोकिए बमोजिम भत्ता भुक्तानीमा ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>भौ न मिति</th><th>कार्यक्रमको नाम</th><th>प्रशिक्षकको नाम</th><th>दिन/शेशन</th><th>निर्धारित दर</th><th>भुक्तानी दर</th><th>बढी भूक्तानी</th></tr>
<tr><td>१६६।२०७९।३।१२</td><td>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम</td><td>श्री सपना शाही</td><td>१५</td><td>१६००</td><td>२५००</td><td>११४७५</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८९६।०७८।१०।१२	न्यूनतम सेवा मापदण्ड	श्री झुमा मैनाली	८	१६००	२०००	२७२०
		श्री कोष विलास वगाले	४	१६००	२०००	१३६०
१८१६।०७९।३।१२	नेतृत्व विकास कार्यक्रम	श्री घनश्याम उपाध्याय	१४	१६००	२५००	१०७१०
२००९।०७९।३।२३	पूर्व सहकारी शिक्षा तालिम	प्रा. श्री राजकुमार श्रेष्ठ	४	१६००	२५००	३०६०
१३१४।०७८।१२।२२	अभिभावकमा सकरात्मक सोच	श्री दिपक लामिछाने	७	१६००	२५००	५३५५
११६५।०७८।१२।१	क्रिष्टलका सामान बनाउने	श्री विमला पौडेल	५	१६००	२०००	१७००
११५०।०७८।१२।१	स्वास्थ्यकर्मीका लागि संक्रमण रोकथाम तथा नियन्त्रण	श्री सगुन थापा	८	१६००	२५००	६१२०
		श्री संगिता योगी	८	१६००	२५००	६१२०
		श्री रमा अधिकारी	५	१६००	२०००	१७००
		डा श्री शुशी श्रेष्ठ	३	१६००	२०००	१०२०
		श्री झुमा मैनाली	८	१६००	२०००	६१२०
११३६।०७८।११।२९	आत्म रक्षा तालिम	श्री टिका दत्त दाहाल	१०	१६००	२५००	७६५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">२००७।०७९।३।२३</td><td rowspan="2">ऋण व्यवस्थापन तथा धितो मूल्याङ्कन तालिम</td><td>श्री सुशिला कार्की</td><td>४</td><td>१६००</td><td>२५००</td><td>३०६०</td></tr>
<tr><td>श्री ठाकुर गौतम</td><td>७</td><td>१६००</td><td>२५००</td><td>५३५५</td></tr>
<tr><td colspan="6">जम्माः</td><td>७३५२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>संगठन संरचना र दरबन्दी पूनरावलोकन</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>कृषि तर्फ - पालिकाका अनुसार आफ्नो क्षेत्र भित्र जम्मा २.२ वर्ग कि. मि. मात्र खेतीयोग्य जमिन रहेको तथा कौशी खेती बाहेक अन्य उल्लेखनीय कृषि कार्यक्रम समेत रहेको देखिएन भने भूमिसुधार ऐन बमोजिम जग्गाको वर्गीकरण समेत गरेको स्थिति छैन । पालिकाको यस वर्ष स्वीकृत कार्यक्रम अनुसार आन्तरिक र सशर्त तर्फ गरी जम्मा रु.१ करोड १८ लाख बजेट व्यवस्था भई रु.८१ लाख ५० हजार खर्च भएको छ । पालिकामा कृषि तर्फ ४ जना कर्मचारी दरबन्दी रहेकोमा अधिकृत छैठौ सहित ३ जना कर्मचारी कार्यरत रहेका छन् । अत: पालिका भित्रको कृषियोग्य जमिन र उत्पादन स्थिति समेतलाई मध्यनजर गरी स्वीकृत दरबन्दीमा पूनरावलोकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>पशु सेवा तर्फ - पालिकाको यस वर्ष स्वीकृत कार्यक्रम अनुसार आन्तरिक र सशर्त तर्फ गरी जम्मा रु.८९ लाख ५६ हजार बजेट व्यवस्था भई रु.५९ लाख ५६ हजार खर्च भएको छ । पालिकामा पशु शाखा तर्फ ५ जना कर्मचारी दरबन्दी रहेकोमा अधिकृत आठौ सहित ३ जना कर्मचारी कार्यरत रहेका छन् । पालिका भित्र भुस्याहा कुकुर व्यवस्थापन बाहेक अन्य उल्लेखनीय कार्यक्रम समेत नरहेको अवस्थामा स्वीकृत दरबन्दीमा पूनरावलोकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>त्यसैगरी पालिकाका अन्य शाखामा रहेको कार्यबोझ, स्वीकृत दरबन्दी र त्यसको आवश्यकता समेतका आधारमा अन्य विषयगत शाखाहरुको संगठन संरचाना र दरबन्दीमा पूनरावलोकन गर्नेपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बढी ईन्धन सुविधाः बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ (क) मा उल्लेख भए अनुसार मासिक इन्धन १०० लिटर प्राप्त गर्ने उल्लेख छ । पालिकाबाट प्राप्त तल उल्लेखित</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विवरण अनुसार यस वर्ष नगर प्रमुखका लागि वार्षिक २८३० लि. र उपप्रमुखका लागि वार्षिक १९६० लि. इन्धन वापतको रकम भुक्तानी भएको छ । जसअनुसार नगर प्रमुखका लागि बार्षिक तोकिए भन्दा १६३० लि. र उपप्रमुखका लागि ७६० लि. इन्धन वापतको रकम बढी खर्च भएको छ । यस सम्बन्धमा मेयर र उपमेयरको सवारी साधन विभिन्न कार्यक्रमका लागि प्रयोग हुने तथा अन्य कार्यालय प्रायोजनमा समेत प्रयोग हुँदै आएकोले बढी ईन्धन खर्च भएको पालिकाको भनाई छ ।	
२९			**दोहोरो सुविधाः** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । पालिकाले सदस्य तथा पदाधिकारीलाई मोटरसाईकल सहित इन्धन कुपन उपलब्ध गराईसके पश्चात वापत रु.३४६५००।०० मासिक रुपमा यातायत खर्च समेत भुक्तानी गरेको छ । यस सम्बन्धमा छलफल गर्दा पदाधिकारीका नाममा मोटरसाईकल भएतापनि उक्त सवारी साधन कार्यालय प्रायोजनका लागि प्रयोग गरेको कार्यालयको भनाई छ । त्यसैले दोहोरो सुविधा नपार्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
३०			**सोझै खरिदः** .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. **८१५९४८६**।- सम्परीक्षण गरिएको ।)	
३१			**फोहरमैला व्यवस्थापन**	
३१.१			फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।	
३१.२			ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल पालिकामा अनुमित बेगर नै फोहरमैला संकलनको कार्य गरिरहेको जानकारी प्राप्त हुन आएको छ ।	
३१.३			ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ । तर पालिकाले दिएको जानकारी अनुसार हाल ८ वटा निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेकोमा तोकिएको कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिएन ।	
३१.४			ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्यवान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थाकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गरेको छ । तर पालिकाको क्षेत्रभित्र प्रतिस्पर्धा बेगर नै ८ निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेका छन् ।	
३१.५			ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर पालिका क्षेत्र भित्र १४,६४० घरधुरीबाट अनुमति बेगर उक्त निजी कम्पनीहरुले सेवा शुल्क संकलन गरिरहेको अवस्था छ ।	
३१.६			ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।	
३१.७			ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।	
३१.८			पालिकाले संकलन गरेको विवरण अनुसार पालिका भित्र ८ निजी कम्पनीले आ. व. २०७८/७९ मा देहाय बमोजिम न्यूनतम् शुल्कका आधारमा दशैं पेश्की सहित रु.५,८४,१२,२५०।०० संकलन गरेको देखिन्छ । पालिकाको अनुमति तथा प्रचलित कानून	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था विपरित फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क संकलन गर्दा त्यसबाट पालिकाले प्राप्त गर्ने आन्तरिक आयमा परेको नोक्सानी एवम् असरको विष्लेषण गर्नुपर्दछ ।

<table>
<tr><th>क्र.स.</th><th>कम्पनीको नाम</th><th>घरधुरी संख्या</th><th>न्यूनतम् शुल्क</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>हिमालयन वातावरण संरक्षण प्रा. लि.</td><td>३१७५</td><td>४००।००</td><td>१,६५,१०,०००</td></tr>
<tr><td>२</td><td>मेट्रो वेस्ट म्यानेजमेन्ट सर्भिस प्रा. लि.</td><td>१९८०</td><td>४००।००</td><td>१,०२,९६,०००</td></tr>
<tr><td>३</td><td>नेप्सेम्यक सेवा प्रा. लि.</td><td>४५०</td><td>४००।००</td><td>२३,४०,०००</td></tr>
<tr><td>४</td><td>हातेमालो सरसफाई सेवा प्रा. लि.</td><td>६५०</td><td>२००।००</td><td>१६,९०,०००</td></tr>
<tr><td>५</td><td>नेपाल फुलबारी सेवा प्रा. लि.</td><td>३५००</td><td>३००।००</td><td>१,३६,५०,०००</td></tr>
<tr><td>६</td><td>विनायक फोहरमैला व्यवस्थापन प्रा. लि.</td><td>३०००</td><td>२००।००</td><td>७८,००,०००</td></tr>
<tr><td>७</td><td>टोखा गोँगबु सरसफाई सेवा प्रा. लि.</td><td>१८५०</td><td>२५०।००</td><td>६०,१२,५००</td></tr>
<tr><td>८</td><td>स्वच्छ समाज सुधार विकास केन्द्र प्रा. लि.</td><td>३५</td><td>२५०।००</td><td>१,१३,७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४,६४०</td><td></td><td>५,८४,१२,२५०।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सहकारी संस्थाको व्यवस्थापन र नियमन</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>हाल पालिकाको नियमन क्षेत्राधिकार अन्तर्गत रहेका ११० वटा सहकारी संस्थाहरुको विवरण देहाय बमोजिम छ ।

<table>
<tr><th>क्र.सं.</th><th>सहकारी संस्थाको किसिम</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>वचत तथा क्रृण सहकारी संस्था लि.</td><td>५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>बहुउदेश्यीय सहकारी संस्था लि.</td><td>५२</td></tr>
<tr><td>३</td><td>कृषि सहकारी संस्था लि.</td><td>८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>टोखा नगरपालिका सहकारी नियमावली,२०७६ को नियम ५०(४) अनुसार दर्ता गर्ने अधिकारीले १ करोड भन्दा बढी वचत दायित्व भएका संस्थाहरुको नियमित र ५ करोड भन्दा बढी वचत दायित्व भएका संस्थाहरुको सघन अनुगमन गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष ३२ वटा सहकारी संस्थाको नियमित अनुगमन भएतापनि ५ करोड भन्दा बढी वचत दायित्व भएका ८० सहकारी संस्थाहरु तोकिए बमोजिम सघन अनुगमन भएको छैन ।</td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>नियमित अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु - सहकारी अधिकृत कमला कार्कीको नेतृत्वमा नियमित अनुगमन गरिएका मध्ये निम्न ९ सहकारी संस्थाको अनुगमन प्रतिवेदनको परीक्षण गर्दा अनुगमन प्रतिवेदनमा उल्लेख भएका कैफियतहरु निम्नानुसार रहेका छन् ।
<table>
<tr><th>क्र.सं.</th><th>सहकारी संस्थाको नाम</th><th>अनुगमन प्रतिवेदन औंल्याईएका प्रमुख साझा कैफियतहरु</th></tr>
<tr><td>१</td><td>दीर्घायु महिला वचत तथा क्रृण सहकारी संस्था लि., टोखा ९</td><td>शेयर सदस्य नबनाई करोबार गरेको ।</td></tr>
<tr><td>२</td><td>टोखा अभियान वचत तथा क्रृण सहकारी संस्था लि., टोखा ३</td><td>कार्य क्षेत्र बाहिर सदस्यसँग कारोबार गरेको ।</td></tr>
<tr><td>३</td><td>टोखा उद्यमी बहुउदेश्यीय सहकारी संस्था लि., टोखा २</td><td>विना धितो क्रृण प्रवाह गर्ने गरेको ।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सिमसार वचत तथा क्रृण सहकारी संस्था लि., टोखा ९</td><td>पासबुक तथा खातामा नचढाई कारोबार गरेको ।</td></tr>
<tr><td>५</td><td>तुख्य वचत तथा क्रृण सहकारी संस्था लि., टोखा ६</td><td>संचालहरुले निजी स्वार्थ प्ररित भई पर्याप्त धितो नराखी क्रृण लगानी गरेको र त्यस्तो क्रृण समयमै असूल हुन नसकेको ।</td></tr>
<tr><td>६</td><td>नयाँकिरण वचत तथा क्रृण सहकारी संस्था लि., टोखा २</td><td>संस्थामा शेयर सदस्यहरुको निगरानी र नियन्त्रणको सट्टा सिमित संचालकहरुको हालीमूहाली बढ्दै गएको ।</td></tr>
<tr><td>७</td><td>आकार बहुउदेश्यीय सहकारी संस्था लि., टोखा १०</td><td>· लगानी भएको क्रृण समयमै उठाउन नसकेको</td></tr>
<tr><td>८</td><td>माला बहुउदेश्यीय सहकारी संस्था लि., टोखा ९</td><td>सहकारी संस्थाको मासिक प्रतिवेदन समयमा नै तोकिएको निकायमा पेश नगरेको ।</td></tr>
<tr><td>९</td><td>जुनेली महिला वचत तथा क्रृण सहकारी संस्था लि., टोखा २</td><td>सहकारी संस्थाले नियमित रुपमा साधारण सभा नगरेको ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.४</td><td></td><td></td><td>अनुगमनमा प्रतिवेदनमा उल्लेखित विषयहरु गम्भिर प्रकृतिका देखिएको तथा उक्त कार्यहरु टोखा नगरपालिकाको संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं. २३, २४, २७ र ३७ मा उल्लेख भएका व्यवस्था प्रतिकुल समेत देखिएको अवस्थामा टोखा नगरपालिकाको सहकारी ऐन, २०७५ र नियमावली, २०७६ मा उलेलेखित व्यवस्था अनुरुप कुनै पिन सहकारी संस्थाहरुलाई कारबाही भएको देखिएन । त्यसैले सहकारी सदस्यहरुको वचत तथा हित संरक्षणका लागि पालिकाको नियमन तथा अनुगमन क्षमतामा सुधार गर्दै प्रचलित कानूनी व्यवस्थाको कार्यान्वयनमा थप ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>
विद्यार्थी संख्याः पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको किसिम</th><th>विद्यालय संख्या</th><th>विधार्थी संख्या</th></tr>
<tr><td>१</td><td>सामुदायिक विद्यालय</td><td>१०</td><td>६,२२४</td></tr>
<tr><td>२</td><td>संस्थागत विद्यालय</td><td>८३</td><td>३१,३३३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३</td><td>३७,५५७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३७,५५७ रहेकोमा १६.५७ प्रतिशत सामुदायिक र ८३.४३ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
संस्थागत विद्यालयको छात्रवृत्तिः टोखा नगरपालिका नगर शिक्षा ऐन, २०७५ को दफा ५९(१) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै दफा ६०(१) बमोजिम दफा ५८ बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ ।
-पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>विद्यालय संख्या</th><th>विधार्थी संख्या</th><th>छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>संस्थागत</td><td>८३</td><td>३१,३३३</td><td>३,१३३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>- पालिकाको कार्यक्षेत्र अन्तर्गत रहेका केही ठूला संस्थागत विद्यालयहरु जस्तै त्रियोग स्कुल, फ्लोरोसेन्ट मा. वि., अपि स्कुल, साउथवेस्टन स्कुल लगायतको वेभसाइट परीक्षण गर्दा तिनले प्रदान गरेको छात्रवृत्तिको विवरण वेभसाइटमा राखेका छैनन्।
- त्यसैगरी पालिकाको शिक्षा शाखामा संस्थागत विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण माग गर्दा सोको अद्यावधिक विवरण समेत उपलब्ध हुन सकेन ।
- संस्थागत विद्यालयले छात्रवृतिको सुनिश्चितता नगरी पालिकाले गरिब जेहेन्दार विद्यार्थीको लागि भनि नितेन मेमोरियल र स्कोलास्टिक एकेडेमिलाई एकमुष्ट अनुदान वापत रु २०,००,०००।०० भुक्तानी गरेको छ ।
अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>प्रति विद्यार्थी लागतः पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।
<table>
<tr><th>बजेट विवरण</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>विद्यार्थी संख्या</th><th>प्रति विद्यार्थी लागत</th></tr>
<tr><td>तिनै तहका सरकारबाट जम्मा</td><td>१६८९४५१५०</td><td>१३८६२२१७८</td><td>६,२२४</td><td>२२२७२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. २२२७२।- रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>सामुदायिक विद्यालयको कमजोर शैक्षिक गुणस्तरः टोखा नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७८ सालको एस.ई.ई. परीक्षामा जम्मा २३२२ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">जिपिए</th><th rowspan="2">जम्मा विधार्थी</th><th colspan="2">उत्तिर्ण विधार्थी संख्या</th><th colspan="2">उत्तिर्ण प्रतिशत</th></tr>
<tr><th>संस्थागत</th><th>सामुदायिक</th><th>संस्थागत</th><th>सामुदायिक</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>३.६१ - ४.००</td><td>१३६</td><td>१२८</td><td>८</td><td>९४.१२</td><td>५.८८</td></tr>
<tr><td>२</td><td>३.२१ - ३.६०</td><td>५८१</td><td>५५८</td><td>२३</td><td>९६.०४</td><td>३.९६</td></tr>
<tr><td>३</td><td>२.८१ - ३.२०</td><td>६२१</td><td>५४५</td><td>७६</td><td>८७.७६</td><td>१२.२४</td></tr>
<tr><td>४</td><td>२.४१ - २.८०</td><td>४२९</td><td>३०७</td><td>१२२</td><td>७१.५६</td><td>२८.४४</td></tr>
<tr><td>५</td><td>२.०१ - २.४०</td><td>३०४</td><td>१२०</td><td>१८४</td><td>३९.४७</td><td>६०.५३</td></tr>
<tr><td>६</td><td>१.६१ - २.००</td><td>१५८</td><td>२०</td><td>१३८</td><td>१२.६६</td><td>८७.३४</td></tr>
<tr><td>७</td><td>०.०० - १.६०</td><td>४२</td><td>४</td><td>३८</td><td>९.५२</td><td>९०.४८</td></tr>
<tr><td>८</td><td>अनुपस्थित</td><td>५१</td><td>१३</td><td>३८</td><td>२५.४९</td><td>७४.५१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३२२</td><td>१६९५</td><td>६२७</td><td></td><td></td></tr>
</table>
उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने १३६ विधार्थी मध्ये ८ जना, ३.२१ - ३.६० जिपिए ल्याउने ५८१ विधार्थी मध्ये २३ जना र २.२१ - ३.२० जिपिए ल्याउने ६२१ विधार्थी मध्ये ७६ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विधार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>विद्यालय अनुदानः .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. ५०००००० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>पाठ्यपुस्तक खरिदः .... (प्रारम्भिक प्रतिवेदन उपर असुल/प्रमाण पेश भई भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. १०८०८५ ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>खरिद समितिले खरिद सम्बन्धी काम कारबाही नगरेकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) बमोजिम सातौं अनिल प्रसाद जोशीको संयोजकत्वमा खरिद समिति गठन भएता पनि उक्त समितिले खरिद सम्बन्धी काम सहभागी गराएको छैन । त्यसैले तोकिए बमोजिम खरिद समिति मार्फत खरिद कारबाही गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वायनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा मात्र अधिकांश बजेट छुट्याएको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष सञ्चालन भएका योजनाहरु देहायअनुसार छन् ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाख भन्दा कमको योजना</td><td>६८</td><td>३५,०९,८९६.२९</td></tr>
<tr><td>२</td><td>रू.१ लाख देखि रू.३ लाख सम्मका योजना</td><td>१२५</td><td>२,८१,८८,९२८.०७</td></tr>
<tr><td>३</td><td>रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना</td><td>१३०</td><td>५,६७,९०,५८८.७</td></tr>
<tr><td>४</td><td>रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना</td><td>१२४</td><td>९,९१,१४,९२७.६७</td></tr>
<tr><td>५</td><td>रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना</td><td>१०८</td><td>१६,७५,५७,००७.४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>रू.२५ लाख भन्दा माथीका योजना</td><td>३२</td><td>११,९७,९३,५६०.७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५८७</td><td>४७,४९,५४,९०८.९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
ठेक्का बन्दोवस्तः कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः
<table>
<tr><td rowspan="3">कार्यक्रम/ शीर्षक</td><td colspan="8">खरिद सम्झौता</td><td colspan="2">यस बर्ष सम्पन्न</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td colspan="2">प्रथम चौमासिक</td><td colspan="2">दोस्रो चौमासिक</td><td colspan="2">तेस्रो चौमासिक</td><td colspan="2"></td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>बोलपत्रबाट</td><td>४४</td><td>२०८०१४</td><td>३</td><td>१९५४६</td><td>२०</td><td>११७९७७</td><td>२१</td><td>७०४९१</td><td>१५</td><td>३४३१९</td></tr>
</table>
उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.२० करोड ८० लाख १४ हजार लागतको ४४ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.१ करोड ९५ लाख ४६ हजारको ३ ठेक्का, दोश्रो चौमासिकमा रु.११ करोड ७९ लाख ७७ हजारको २० ठेक्का र तेश्रो चौमासिकमा रु.७ करोड ४ लाख ९१ हजारको २१ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू.३ करोड ४३ लाख १९ हजार बराबरको १५ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा कार्यवोझ अधिक हुनगई गुणस्तरमा समेत आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । त्यसैले उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।	
४३			**टोल विकास संस्थाबाट निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८(१)(क)(५) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ । नगरपालिकाले टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ को अधिनमा रहि विधान तयार गरेर सोही विधान बमोजिम सञ्चालन हुने गरी विभिन्न १४२ वटा संस्थाहरु दर्ता गरेको छ । नगरपालिकामा संगठित संस्थाको रूपमा दर्ता भएका त्यस्ता संस्थाहरुको विधानमा संस्थाले नगरपालिकाको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सहभागीता जनाउने प्रमुख उद्‌देश्य राखेको र संस्थाको प्रमुख कार्यमा सदस्यहरूबाट नियमित रूपमा वचत संकलन तथा परिचालन गर्ने लगायतका कार्यहरू उल्लेख गरेको देखिन्छ । विधानमा संस्थाले निर्माणसँग सम्बन्धित कार्य गर्ने सम्बन्धमा उल्लेख गरेको छैन । यस वर्ष नगरपालिकाले उक्त संस्थाहरुलाई टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तथा संस्थाको विधान विपरीत उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई प्रतिस्पर्धा बेगर देहायअनुसार रू.२०,४९,४७,०३५/- को निर्माण कार्य गराई भुक्तानी दिएको छ । विद्‌यमान सार्वजजिक खरिद कानूनले उपभोक्ता समिति वा लाभग्राही समूहका रुपमा पहिचान नगरेको संस्थाको निर्माण सम्बन्धी कार्य गर्ने क्षमता र संरचना समेत नदेखिएको अवश्थामा त्यस्तो निर्माण कार्य संस्थाले निर्माण व्यावसायीबाट नै गर्ने गरेको गुणासो समेत सुन्न आएकाले तथा पालिकाको टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिको समेत विपरीत हुने गरी प्रतिस्पर्धा बेगर गराएको उक्त निर्माण कार्य नियमसम्मत देखिएन ।	

वडा नं.	टोल विकास संस्थाको संख्या	योजना संख्या	भुक्तानी रकम
१	१५	५७	२९०७७४३/३९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१८</td><td>२९</td><td>१७८०७४५८/२५</td></tr>
<tr><td>३</td><td>६३</td><td>९४</td><td>९३२९२४८३/५९</td></tr>
<tr><td>४</td><td>२</td><td>२</td><td>६४२३७९८/४३</td></tr>
<tr><td>५</td><td>६</td><td>७</td><td>९७४३४८६/१५</td></tr>
<tr><td>६</td><td>८</td><td>९</td><td>६७०५०२३/८७</td></tr>
<tr><td>७</td><td>१४</td><td>१७</td><td>१४८२१९२५/८७</td></tr>
<tr><td>८</td><td>४</td><td>५</td><td>८०१७०४७/९६</td></tr>
<tr><td>९</td><td>८</td><td>११</td><td>१७५४५४४०/८२</td></tr>
<tr><td>१०</td><td>१</td><td>१</td><td>८५२६२६/४२</td></tr>
<tr><td>११</td><td>३</td><td>३</td><td>६६००००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३५</td><td>२०४९४७०३५/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कार्यसम्पन्नको प्रमाणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायको कार्यको लागि काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडलाई कार्यसम्पन्न पश्चात खर्चको बिल भरपाई, लेखापरीक्षण प्रतिवेदन तथा प्रगति प्रतिवेदन पेश गर्ने गरी रू. १०१७०७६३ भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म उल्लेखित प्रमाण पेश गरेको देखिएन । सम्झौता अनुसारका प्रमाण कागजात पेश हुनुपर्दछ, रू.</td><td>१०,१७०,७६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं./मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१०८-०७८/७/२५</td><td>वडा नं ८ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>२०४७४४/७६</td></tr>
<tr><td>१०९-०७८/७/२५</td><td>वडा नं ९ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>११९९८१९/५०</td></tr>
<tr><td>७०४-०७९/३/७</td><td>वडा नं.१० स्थित बालकृष्ण पोखरेलको घर देखि रूपमा मेडिकल चोकसम्म खानेपानी पाइपलाइन विस्तार</td><td>३१४८४८७/७३</td></tr>
<tr><td>१७४/७८/९/५</td><td>वडा नं. ६ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>२९९६०४</td></tr>
<tr><td>२७८/७८/१०/११</td><td>वडा नं. ६ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>१७८३५१३/४५</td></tr>
<tr><td>२७९/७८/१०/११</td><td>वडा नं. ४ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>३२८५५०६</td></tr>
<tr><td>२८७/७८/११/२२</td><td>वडा नं. ६ मा खानेपानी लाईन विस्तारका लागि अनुदान</td><td>२४९०८७/६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०१७०७६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>परामर्श सेवाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिमको कार्य विभिन्न परामर्शदाताबाट गराई रू ३५,४०,५९९।०० भुक्तानी गरेको छ । कार्यालयले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई कोटेशन मार्फत खरिद गरी लागत अनुमान कै हाराहारी रकम खर्च गरेको छ । कार्यालयले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको गुरुयोजना, डि.पी.आर लगायतको अध्ययन कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।
<table>
<tr><td>परामर्शदाता</td><td>कार्य</td><td>भूक्तानी रकम रु</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>ग्लोबल एयरलाइन्स फर सस्टेनेबल डेभलपमेन्ट</td><td>पाम्स डाटा इन्ट्री</td><td>२,९९,९५८</td></tr>
<tr><td>टि आइ एम इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि</td><td>सडक बत्तीको डि पी आर बापतको</td><td>४,८०,५०३</td></tr>
<tr><td>माउन्ट मकालु इन्जिनियरिङ</td><td>मनोहर तिर्थधामको डि पी आर गरेबापत</td><td>१७,६५,०६०</td></tr>
<tr><td>आर्टिस्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि</td><td>बानियाटार पुलको डि पी आर गरेबापत</td><td>९,९५,०७८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३५,४०,५९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>जिन्सी प्रविष्टी कार्यः ९४०-२०७९/३/२५ नेपाल सरकार मन्त्रीपरीषदको २०७७/७/२० को निर्णय अनुसार आ.व. २०७७/७८ देखि स्थानीय तह समेत सवै सरकारी कार्यालयहरूले सार्वजनिक सम्पत्ती व्यवस्थापन सफ्टवयेर प्रणाली (PAMS) अनिवार्य रूपमा लागू भएको र महालेखा नियन्त्रकको कार्यायले समेत उक्त सफ्टवयेर लागू गर्न पटकपटक पत्राचार गरेको साथै सफ्टवयेर सञ्चालनलाई सहज बनाउन सो सम्बन्धी विभिन्न भिडियो सामाग्री समेत प्रकाशन गरेको छ । नगरपालिकाले कार्यालयमा पाम्स(PAMS) सफ्टवेयर सञ्चालन गर्न दक्ष जनशक्ति नभएको जनाई जिन्सी प्रविष्टी कार्यमा सहजिकरण गर्नको लागि ग्लोबल एलाइन्स फर सस्टेनेबल डेभलपमेन्ट नामक निजी संस्थासँग सम्झौता गरी रू.२,९९,९५८/-भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता एवं अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति वा जिन्सी खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष निम्न भौ.नं./ मिति बाट भुक्तानी गरेको रू.९७६४१०/- बराबरको विभिन्न समाग्री जिन्सी खातामा दाखिला गरेको नदेखिएकोले सोको जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने, रू.</td><td>९७६,४१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं./मिति</td><td>खरिद गरेको सामान</td><td>आपुर्तक</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>११-०७९/३/२५</td><td>८ नं. वडा कार्यालय भवनमा सोलार व्याकअप सिस्टम- सोलार प्यानल, व्याट्रि, इन्भर्टर लगायत</td><td>विराट इनर्जी प्रा.ली.</td><td>४७६४९८</td><td>संघीय सरकारबाट हस्तान्तरित</td></tr>
<tr><td>७८९- ०७९/३/२०</td><td>वडा नं ११ का स्थानीय बासिन्दालाई वितरण गर्न खरिद (४०० थान डस्विन ५० लिटर साइज)</td><td>युनाइटेड रिसोर्स कम्पनी एण्ड कन्सल्ट्यान्सी</td><td>४९९९१२</td><td>पालिकामा दाखिला नभएको स्थानीयलाई लेखापरीक्षणको अवधी सम्म वितरण नगरी वडा कार्यालयमा मौज्दात रहेको भनाई</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९७६४१०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.९६२ बाट मिति २०७९/३/२५ मा एम.एस.प्रिन्टिङ सोलुसनलाई इलेक्ट्रिकल सामाग्री खरिद वापत रू.२०,८९,३७०/-भुक्तानी गरेकोमा ल्यापटप ५ थान सम्झौता अनुसार मू.अ.कर समेत रू.१,३२,२१०/-हुनुपर्नेमा रू.१,३५,६००/-दरले भुक्तानी गरेको देखिएकोले सम्झौता भन्दा प्रति थान रू.३,३९०/-दरले ५ थानको रू.१६,९५०/-बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम असूल गर्नुपर्दछ, रू.</td><td>१६,९५०</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित पूँजीगततर्फको भौ.नं.११ बाट मिति २०७९/३/२५ मा वडा नं.८ कार्यालयमा सोलार व्याकअप सिस्टम खरिद गर्दा ६ थान सोलार प्यानलको रू.१,०२,०००/-मा</td><td>१३,२६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रू.१३,२६०/-भ्याट समेत थप गरी आपूर्तक विराट इनर्जी प्रा.ली.लाई भुक्तानी दिएको देखिएकोमा सोलार प्यानलमा भ्याट दिन मिल्ने नदेखिएकोले भ्याट वापत भुक्तानी दिएको रकम असूल गरी दाखिला गर्नुपर्दछ, रू.	
४९.२			पालिकाले वडा नं २ को आरन्डोल तिलवक जोड्ने बाटो ग्रावेल गर्न नाट्यश्वरी टोल विकास संस्थालाई ग्रावेल गर्न रोलर सहितको प्रतिघनमिटर रु २२७४.०१ का दरले रु १४९.३५ घनमिटरको रु ३३९६२३.३९ भुक्तानी गरेको छ । उक्त योजनामा टोल विकास संस्थाले रोलरको प्रयोग गरेको छैन । रोलर बाहेकको ग्रावेलको प्रतिघनमिटर रु.२०५६.८४ का दरले भुक्तानी गर्नुपर्नेमा रु २१७.१७ बढी दरले भुक्तानी गरेको रु.३२३६०/- असूल गरी दाखिला गर्नुपर्ने रु	३२,३६०
५०			**निर्माण कार्यको सिफारिसः** टोखा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को अनूसूची-२ मा उपभोक्ता समितिले सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि पेश गर्दा कार्यसम्पन्न प्रतिवेदन, खर्चको बिलभरपाई, आय-व्ययको अनुमोदन सहितको निर्णय, अनुगमन समितिको निर्णय तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा उपभोक्ता समितिबाट सम्पन्न भएका केही योजनाको स्रेस्ता कागजात परीक्षण गर्दा वडा कार्यालयबाट सम्झौता अनुसारको रकम बराबर नै कार्यसम्पन्न भएको जनाई भुक्तानी सिफारिस गर्ने गरेको तर प्राविधिकले नापजाँच गर्दा सम्झौता भन्दा घटी कार्यसम्पन्न हुने गरेको देखियो । यसबाट स्थानीय सरकारको रूपमा रहेको वडा कार्यालयको सिफारिसमा नै आश्वस्त हुन सक्ने अवस्था रहेन । स्थानीय स्तरमा हुने कार्यको सबैभन्दा नजिकको संरक्षकको रूपमा रहेको वडा कार्यालयबाट हुने सिफारिस वास्तविक र विश्वसनिय हुनुपर्दछ । वडा कार्यालयबाट सम्झौता अनुसार सम्पन्न भएका भनि सिफारीस गरेका तर प्राविधिक मूल्याङ्कनमा घटी कार्यसम्पन्न गरेका केहि योजनाको उदाहरण देहाय बमोजिम रहेका छन् ।	

योजनाको नाम	सम्झौता रकम	वडाबाट सिफारिस रकम	सिफारिस मिति	वास्तविक कार्य मूल्याङ्कन	कार्यसम्पन्न प्रतिशत

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रगति टोल खानेपानी पाइप विस्तार तथा सडक मर्मत-वडा नं.७</td><td>१२२८९५०/-</td><td>१२२८९५०/-</td><td>०२/१४/२०७९</td><td>७२५५४२/-</td><td>५९.०३%</td></tr>
<tr><td>चण्डेश्वरी देवी वौडेश्वर सम्म पदमार्ग निर्माण</td><td>३०४३५७८/-</td><td>३०४३५७८/-</td><td>०२/२६/२०७९</td><td>१३४६४८७/-</td><td>४४.२४%</td></tr>
<tr><td>रमण वस्तीबाट पूर्व रिटेनिङ वाल निर्माण</td><td>२१६८१२१/-</td><td>२१६८१२१/-</td><td>०३/०९/२०७९</td><td>१५२४९४५/-</td><td>७०.३३%</td></tr>
<tr><td>धारापानी देवी मन्दिर पुनः निर्माण</td><td>४४४२८२०/-</td><td>४४४२८२०/-</td><td>०३/१६/२०७९</td><td>३१११०१२/-</td><td>७०.०२%</td></tr>
<tr><td>गौमातेश्वर मन्दिर ट्रस निर्माण</td><td>६५९९७९/-</td><td>६५९९७९/-</td><td>०३/१६/२०७९</td><td>४७७४९३/-</td><td>७२.३५%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>दर रेट फरकः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारको योजनामा लागत अनुमानमा नगरसभाबाट स्वीकृत दर भन्दा फरक दरको प्रयोग गरी सोही अनुसारको दरमा भुक्तानी गर्दा रू.९,३७,८७८/- बढी भुक्तानी गरेको देखियो । स्वीकृत दर भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ, रू.
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम/उ.स.</th><th>कामको विवरण</th><th>परिमाण</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
</table>
</td><td>९३७,८७८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

६-०७९/१/१६	सपन तिर्थ परिसर निर्माण समिति-वडा नं.२	50-75 mm Thick Fag Stone Paving Work (1:4) c/s motor	544.52 m2	१९५०/२४	२१५०/४६	१०९०२०/-	प्रदेश सरकार
८५६-०७९/३/२४	संज्व लक्ष्मीपूर टोल विकास संस्था (ढल तथा मंगल बनाउने कार्य वडा नं.३)	Roadway Excavation	1530.91 m3	९५/७०	६९/०७	४०७६८/-	न.पा. पूँजीगत
८५६-०७९/३/२४	संज्व लक्ष्मीपूर टोल विकास संस्था (ढल तथा मंगल बनाउने कार्य वडा नं.३)	Brick Masonry Work 1:6 c/s	69.40 m3	१३२९५/९९	१०१०३/९९	२२१५२५/-	न.पा. पूँजीगत
८५६-०७९/३/२४	संज्व लक्ष्मीपूर टोल विकास संस्था (ढल तथा मंगल बनाउने कार्य वडा नं.३)	RCC Hume Pipe NP3 600	207.5 rm	६७८५/९०	६४३९/६२	७१८५३/-	न.पा. पूँजीगत
८५६-०७९/३/२४	संज्व लक्ष्मीपूर टोल विकास संस्था (ढल तथा मंगल बनाउने कार्य वडा नं.३)	RCC Hume Pipe NP3 450	227.5 rm	४७२९/९०	४६५९/५८	१५९९८/-	न.पा. पूँजीगत
८५६-०७९/३/२४	संज्व लक्ष्मीपूर टोल विकास संस्था (ढल तथा मंगल बनाउने कार्य वडा नं.३)	Sub Grade Work 4.75-73 mm	338.4 m3	२३८०/९०	२२७४/०१	३६१७२/-	न.पा. पूँजीगत
८९५-०७९/३/२५	धापासी टोल विकास संस्था (नविन प्रधानको घर देखि मन्दिर चोकसम्म सडक स्तरोन्नती कार्य)	Brick Works 1:6 c/s motor	40.60 m3	१५६६८/५६	१३२९५/९९	९६३२६/-	न.पा. पूँजीगत
८९५-०७९/३/२५	धापासी टोल विकास संस्था (नविन प्रधानको घर देखि मन्दिर चोकसम्म सडक स्तरोन्नती कार्य)	Stone Masonry 1:6 c/s motor	211.63 m3	१००९९/७६	९४८२/३६	१३०६६०/-	न.पा. पूँजीगत
८९५-०७९/३/२५	धापासी टोल विकास संस्था (नविन प्रधानको घर देखि मन्दिर चोकसम्म सडक स्तरोन्नती कार्य)	Brick works 1:4 c/s motor	16.25 m3	१६०५१/०२	१३६६७/०५	३८७४०/-	न.पा. पूँजीगत
८९५-०७९/३/२५	धापासी टोल विकास संस्था (नविन प्रधानको घर देखि मन्दिर चोकसम्म सडक स्तरोन्नती कार्य)	PCC Works 1:2:4	76.75 m3	१३३००/१२	११८५८/१३	११०६७३/-	न.पा. पूँजीगत
९०१-०७९/३/२५		Stone Masonry 1:6 c/s motor	17.24 m3	११६११/९७	९४८२/३६	३६७१४/-	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ब्रम्ह कुमारी राज योग सेवा केन्द्र इलाकामा सडक एवं वाल निर्माण कार्य</td><td>PCC Works 1:2:4</td><td>14.46 m3</td><td>१३८९३/३०</td><td>११८५८/१३</td><td>२९४२९/-</td><td>न.पा. पूँजीगत</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>९३७८७८/-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>पूर्वनिर्धारीत क्षतिपूर्तिः .... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. १८८५७।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>सपन तिर्थ मन्दिर तथा सतल पुनःनिर्माण</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>नगरपालिकाले ठे.नं.४५-०७६/७७ बाट सपन तिर्थ मन्दिर तथा सतल पुःनिर्माण कार्य मू.अ.कर समेत रू.१,०३,३१,५११/-मा २०७८/१/१५ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी वर्षा निर्माण सेवा सँग २०७७/३/२८ मा सम्झौता गरेकोमा यो वर्ष रू.२२,३६,२५०/-(२१.६%) स्वीकृत भेरिएसन समेत कार्यसम्पन्न भई निर्माण व्यवसायीलाई दोस्रो तथा अन्तिम रनिङ्ग बिल सम्मको रू.५६,४२,९२२/-भुक्तानी गरेको देखियो । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय बमोजिम रहेका छन् ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>पालिकाले शुरू सम्झौता बाट ९ महिना १५ दिन अबधि राखी निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीले कोरोना भाइरसको कारण समयमा निर्माण कार्य सम्पन्न गर्ननसकेको जनाई निवेदन पेश गरे अनुसार पालिकाले दुई पटक गरी २०७८/१२/१४ सम्म म्याद थप गरेको छ ।</td><td></td></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले नियमावली वमोजिमको प्रकृया पूरा गरी भेरिएसन आदेश जारी गर्नसक्ने उल्लेख छ । त्यसरी भेरिएसन आदेश जारी गर्दा निर्माण कार्यको ड्रईङ्ग, डिजाइन तथा स्पेशिफिकेशण आदि बदल्नु पर्ने वा नपर्ने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण, स्वीकृत बजेट तथा कार्यक्रममा परे नपरेको</td><td>२,२३६,२५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लगायतका विवरण खुलाई कार्यालय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण सम्झौता भएको मध्ये बि.ओ.क्यू.का विभिन्न ७ आइटममा थप कार्य गर्नुपर्ने र विभिन्न ११ आइटम नयाँ कार्यगर्नुपर्ने अवस्था सिर्जना भएको जनाई मू.अ.कर समेत रू.२२,३६,२५०/-अर्थात शुरू सम्झौताको २१.६ प्रतिशत भेरिएसन रकम थप गरी निर्माण व्यवसायीलाई रकम भुक्तानी गरेकोमा निर्माण व्यवसायीले भेरिएसन आदेश स्वीकृत हुनुभन्दा २ महिना ७ दिन अगाडी निर्माण कार्य कार्यसम्पन्न गरेको विवरण पेश गरेको देखियो । पालिकाले भेरिएसन गर्नुपर्ने व्यहोरा खुलाई २०७९/२/१० मा टिप्पणी उठाएको, प्रमुख प्रशासकिय अधिकृतले २०७९/२/१३ मा उक्त टिप्पणी नगरप्रमुख समक्ष पेश गरेको र कार्यपालिकाको २०७९/२/१७ मा बसेको ८३ औं बैठकले उक्त निर्माण कार्यको भेरिएसन स्वीकृत गरेको देखिएकोमा निर्माण व्यवसायीले २०७८/१२/१० अर्थात २ महिना ७ दिन अगाडि नै निर्माण कार्य सम्पन्न भएको निवेदन पेश गरेको देखियो । सम्झौता भन्दा घटी/बढी वा थप कार्य गर्नैपर्ने विशेष परिस्थित सिर्जना भएमा सोको पुष्ट्याई सहित कार्यालयबाट खटिएका प्राविधिकले पेश गरी नियमानुसार सोको स्वीकृती पश्चात मात्र थप कार्य गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीले सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिसकेपश्चात भेरिएसन स्वीकृत गरी मू.अ.कर समेत रू.२२,३६,२५०/-भुक्तानी गरेको नियमसम्मत देखिएन । यस सम्बन्धमा पालिकाले छानबिन गरी निर्माण व्यवसायीले भेरिएसन स्वीकृत गरेको मिति २०७९/२/१७ पश्चात कार्य सम्पन्न गरेको भएमा निजको दोस्रो पटकको म्याद थप अबधि २०७८/१२/१४ पश्चात कार्यसम्पन्न मितिसम्म अबधी गणना गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीबाट पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्दछ, अन्यथा भेरिएसन बेगर भूक्तानी गरेको रकम असूल गर्नुपर्दछ, रू.	
५४			**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिंने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्यादभित्र पेश्कि फर्छ्यौट गर्नुपर्ने र नगरेमा बाँकी पेश्की रकमबाट म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज लगाई असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनका लागि निम्नानुसार व्यक्ति, निर्माण व्यवसायी, र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको पेश्की रु.११४००००।०० र म्याद ननाघेको पेश्की रु.२७५०९०००।०० गरी जम्मा रु.२८६४९०००।०० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फर्छ्यौट नभई बाँकी देखिएकाले नियमानुसार फर्छ्यौट हुनुपर्दछ ।	५६०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>मिति</th><th>फर्म वा व्यक्तिको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>७८/०४/०१</td><td>इथिकल इन्जिनियरिङ्ग इन्टरप्राजेज प्रा. लि.</td><td>१००००००</td><td>०</td><td>१००००००</td></tr>
<tr><td>२</td><td>७८/०४/०१</td><td>गौरा–श्रृखला जे.भी.</td><td>१,५१,००,०००.००</td><td>०</td><td>१,५१,००,०००.००</td></tr>
<tr><td>३</td><td>७८/०४/०१</td><td>साई बाबा एण्ड तारा कन्स्ट्रक्सन सेवा</td><td>४,००,०००.००</td><td>०</td><td>४,००,०००.००</td></tr>
<tr><td>४</td><td>७८/०४/०१</td><td>साई बाबा एण्ड तारा कन्स्ट्रक्सन सेवा</td><td>८,६०,०००.००</td><td>०</td><td>८,६०,०००.००</td></tr>
<tr><td>५</td><td>७८/०५/२४</td><td>नव सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.</td><td>२२,९३,०००.००</td><td>०</td><td>२२,९३,०००.००</td></tr>
<tr><td>६</td><td>७८/०५/२८</td><td>अमर सारथी जे.भि.</td><td>८,२०,०००.००</td><td>०</td><td>८,२०,०००.००</td></tr>
<tr><td>७</td><td>७८/०६/१४</td><td>नव सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.</td><td>५,९३,०००.००</td><td>०</td><td>५,९३,०००.००</td></tr>
<tr><td>८</td><td>७८/०६/२२</td><td>शिवाजी विल्डर्स प्रा.लि.</td><td>३,५०,०००.००</td><td>०</td><td>३,५०,०००.००</td></tr>
<tr><td>९</td><td>७८/०८/१४</td><td>टेक्नो भेञ्चर नेपाल प्रा.लि.</td><td>३,०१,०००.००</td><td>०</td><td>३,०१,०००.००</td></tr>
<tr><td>१०</td><td>७८/०८/१७</td><td>अमर सारथी जे.भि.</td><td>१४,२०,०००.००</td><td>०</td><td>१४,२०,०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>७८/०९/२७</td><td>रानी वन कन्स्ट्रक्सन</td><td>३,७१,०००.००</td><td>०</td><td>३,७१,०००.००</td></tr>
<tr><td>१२</td><td>७८/१०/०९</td><td>तिङ्ला । बुढानिलकण्ठ जे.भि.</td><td>३,२०,०००.००</td><td>०</td><td>३,२०,०००.००</td></tr>
<tr><td>१३</td><td>७८/१०/१८</td><td>टेक्नो भेञ्चर नेपाल प्रा.लि.</td><td>१०,४६,०००.००</td><td>०</td><td>१०,४६,०००.००</td></tr>
<tr><td>१४</td><td>७८/१२/२०</td><td>रानी वन कन्स्ट्रक्सन</td><td>३,७१,०००.००</td><td>०</td><td>३,७१,०००.००</td></tr>
<tr><td>१५</td><td>७९/०१/०६</td><td>फ्रिम्यान बिजनेश प्रा.लि.</td><td>२,०९,०००.००</td><td>०</td><td>२,०९,०००.००</td></tr>
<tr><td>१६</td><td>७९/०१/०६</td><td>फ्रिम्यान बिजनेश प्रा.लि.</td><td>१,२३,०००.००</td><td>०</td><td>१,२३,०००.००</td></tr>
<tr><td>१७</td><td>७९/०२/१८</td><td>गेट कन्ट्रक्सन</td><td>७,७०,०००.००</td><td>०</td><td>७,७०,०००.००</td></tr>
<tr><td>१८</td><td>७९/०२/२५</td><td>गेट कन्ट्रक्सन</td><td>७,७०,०००.००</td><td>०</td><td>७,७०,०००.००</td></tr>
<tr><td>१९</td><td>२०७९/०२/३१</td><td>द्रव्य इन्जिनियरिङ सोलुसन प्रा.लि.</td><td>३,९२,०००.००</td><td>०</td><td>३,९२,०००.००</td></tr>
<tr><td>२०</td><td>७९/०३/०३</td><td>नोएडा कन्सक्ट्रक्सन प्रा.लि.</td><td>०</td><td>१,६०,०००.००</td><td>१,६०,०००.००</td></tr>
<tr><td>२२</td><td>७९/०३/२४</td><td>फ्रिम्यान बिजनेश प्रा.लि.</td><td>०</td><td>४,००,०००.००</td><td>४,००,०००.००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>२७५०९०००</td><td>५,६०,०००</td><td>२८०६९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायीत्व ऐन, २०७६ को दफा ३३(८) मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्छ्यौट तथा सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित देहाएका व्यहोरा उपर कुनै पनि कारवाही नगरेकोले नियमानुसार फर्छौटको कारवाही गर्नतर्फ ध्यान दिनुपर्दछ।
- विजक नंः मानव कल्याण टोल सुधार समितीले पेश गरेको रु. ५८३५० दुर्गा हार्डवयर सेन्टरको मिती ०७८/१२/१८ को vat bill मा बिजक नं उल्लेख नभएको साथै रकम समेत जोडेको पाईएन । यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।
- मोबाईल खर्चः सरकारी बजेटबाट निजी मोवाईलको महशुल भुक्तानी गर्न नपाउने व्यवस्था छ । कार्यालयले विभिन्न भौ नं र मितिमा व्यक्तिगत मोवाईलको महशुल कार्यालयको बजेटबाट खर्च लेखेको देखिँदा यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>आन्तरिक लेखा परिक्षणमा उल्लेख भएका असुल बेरुजु निम्नानुसार रहेका छन् ।
<table>
<tr><td>क्र. सं.</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>पुँजीगततर्फ को भौ. ८०६/०७९/६/२१ बाट दुबु टोल विकास समितिको रु.३४०००।-, भौ. ९४८/०७९/३/२५ बाट सडक तथा ढल मर्मत उ.स. लाई अनुपातिक कट्टी नगरी बढी भुक्तनाी रकम सम्बन्धित उपभोक्ता गरी दाखिला गर्नुपर्ने रु.</td><td>४०७४५</td></tr>
<tr><td>२</td><td>निम्नानुसार उपभोक्ता समितिलाई भुक्तानी गरेको मू.अ. कर रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. (मानव कल्याण सडक बत्ति डजान समिति-४४२४, कार्यविनायक टोल विकास समिति - ४२३६ , देम्वा दाजुभाई टोल विकास समिति- ३८५०, नयाँ उज्यालो सडक टोल विकास समिति -४२४५, सरस्वती चौर उ.स. -५६२०, त्वापचा टोल विकास समिति- १५७००, र मानव कल्याण टोल सुधार समिति - ३५९४</td><td>४१६६९</td></tr>
<tr><td>३</td><td>पारिश्रमिक कर कट्टी नगरी भुक्तानी- १४७०/०७९-०१-१६ बाटश्री दिनेश सापकोटाको रु.१३५० र१४६६/०७९-०१-१६ बाट दिदी बहिनी जागृत महिला टोल विकास संस्थाको रु ७५० गरी जम्मा रु.२१०० कर असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>२१००</td></tr>
</table></td><td>१०१,५१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>आकस्मिक कर कट्टी- १३८५/०७९-०१-०२ हाजीरीजवाफ प्रतियोगीतामा पुरस्कार वितरण गर्दा २५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा गरेको छैन । २५ प्रतिशत कर रु.१७०००|०० असुल गरी दाखिला गर्नुपर्ने</td><td>१७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०१५१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.३</td><td></td><td></td><td>२०७८-०६-१४ गो भौ नं २१७ मा खाजा खर्च वापतको रकम कुवेर ढुगांनालाई भुक्तानि गरिएको hotel stone palace को bill no 2633 (078-04-20) रु.१९७९० मा कुन प्रयोजनको लागी भन्ने आधार स्पष्ट नभएकोले अनियमित देखिएको रकम रु</td><td>१९,७९०</td></tr>
<tr><td>५५.४</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षणमा उल्लेख भएका प्रमाण पेश गर्नुपर्ने बेरुजु निम्नानुसार छन् ।
<table>
<tr><td>सि.नं.</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>१४५२/०७८-०९-१९ बाट कुवेर ढुङ्गानालाई रु ९४०० र १४५८/०७९-०१-०५ बाट हिमालयन वातावरण सरक्षण प्रा.लि. रु.१०१७० भुक्तानी गरेको रकम भुक्तानीको आधार पेश गर्नुपर्ने रु</td><td>१९५७०</td></tr>
<tr><td>२</td><td>वडा सचिव श्री सानु श्रेष्ठले पेश गरेको टोखा गेटको वैकल्पिक बाटो ग्रावेल गर्ने कार्यको रु.६२२७ को कम विल पेश भएकोले विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>६२२७</td></tr>
<tr><td>३</td><td>१३०४/०७८-१२-२१ कृष्ण के.सी. ले माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन लगायतमा माग गर्ने र स्विकृत गर्नेको दस्तखत सहितको कागजपत्र पेश गर्नुपर्ने ।</td><td>४५७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०३७२</td></tr>
</table>
</td><td>३०,३७२</td></tr>
</table>

५७

अनुगमन तथा संपरीक्षणः आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ बमोजिम जिम्मेवार व्यक्तिले बेरुजु फर्छ्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्नेछ । कार्यालयले लेखापरीक्षणको क्रममा आ.व. २०७४/७५ को रु.६०२३७६१।००, आ. व. २०७५/७६ को रु.६४३१८०९।०० र आ. व. ०७६/७७ को रु.१६०९५३०।०० गरि पेश भएका प्रमाणका आधारमा जम्मा रु.१४०६५१०० ।०० को संपरीक्षण गरिएको छ । फर्छ्यौट गर्न बाँकी अन्य बेरुजु नियमानुसार फर्छ्यौट हुनुपर्दछ । यस वर्ष फर्छ्यौट भएका बेरुजु देहाय बमोजिम छन् ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फर्छ्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	०७४/७५	५४	अतिरिक्त भत्ता भुक्तानी बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको	३२८९१६				३२८९१६
२	०७४/७५	५४	स्थानीय भत्ता भुक्तानी बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको	१४८९३२०				१४८९३२०
३	०७४/७५	५५	नियम विपरीत बैठक भत्ता बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको			४२०५५२५		४२०५५२५
			जम्मा	**१८१८२३६**	०	**४२०५५२५**		**६०२३७६१**

४	०७५/७६	४०	सोझै खरिद बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको			३९३१८०९		३९३१८०९
५	०७५/७६	९०	कल्याणकारी कोषमा रकम जम्मा बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको			२५०००००		२५०००००
६	०७५/७६		**जम्मा**	०	०	**६४३१८०९**		**६४३१८०९**
७	०७६/७७	२६	प्रोभिजलन सम असुली बेरुजु असुली दाखिला भौचर पेश भएको आधारमा संपरीक्षण गरिएको	३१९७११				३१९७११
	०७६/७७	२७	बढी दररेटमा भुक्तानी बेरुजु नगरपालिका बट स्विकृत भएको भनी नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको	२४८२४				२४८२४
८	०७६/७७	२७.१	बढी दररेटमा भुक्तानी बेरुजु नगरपालिका बट स्विकृत भएको भनी	३६३८९५				३६३८९५

			नगरसभाबाट नियमित भएको आधारमा संपरीक्षण गरिएको					
९	०७६/७७	४४.०	यदुलक्ष्मी कन्स्ट्रक्सनको रु.१,२०,००० र शान्ती कन्स्ट्रक्सनको २,२०,००० पेश्की कार्यलयबाट फर्छ्यौट भई भएकोम आधारमा संपरीक्षण गरिएको				३४००००	३४००००
१०	०७६/७७	१७	न्यायि समितिका सदस्यलाई बढी सुविधा वापतको बेरुजु रकम असुल भई भौचर पेश भएकोले संपरिक्षण गरिएको ।	२०००००				२०००००
११	०७६/७७	२०.२	विल भर्पाईको प्रमाण पेश भएको आधारमा बेरुजु संपरीक्षण गरिएको		२०००००			२०००००
१२	०७६/७७	२९.०	बढि दरमा प्रशिक्षक भत्ता भुक्तानी बेरुजु नगरसभाबाट नियमित भएको आधारमा संपरिक्षण गरिएको ।	१६११००				१६११००

			जम्मा	**१०६९५३०**	**२०००००**	**०**	**३४००००**	**१६०९५३०**
			कुल जम्मा	**२८८७७६६**	**२०००००**	**१०६३७३३४**	**३४००००**	**१४०६५१००**